

सहकारीमा नियमित बचतको महत्व

सैद्धान्तिक, कानूनी तथा व्यवहारिक पक्षहरु

By,
Gokarna Duwadi
Member, Bagmati Province Cooperative Manager's Club,
Chief Executive Officer
Sahara Mahila Saccos, Dhading
Master's degree in Management & Sociology -TU
Email: gduwadi@gmail.com, Cell: 9849710474

सेसनको मूख्य विषयवस्तुहरु

- सहकारी अवधारणा
- सहकारीमा नियमित बचतको सिद्धान्त
- सहकारीमा नियमित बचत किन अनिवार्य गर्ने ?
- बचत सम्बन्धी कानुनी व्यवस्था
- नियमित बचतको फाइदाहरु
- सहारा महिला साकोसको अभ्यास
- सहारा महिला साकोसमा नियमित बचत सम्बन्धी नीतिगत व्यवस्थाहरु

सहकारी अवधारणा

- सहकारी संस्था बैंक होइन ।
- सहकारी सदस्यद्वारा स्वामित्व ग्रहण गरिएको संस्था हो ।
- संस्थामा पूँजी सदस्यबाटै जम्मा हुन्छ ।
- सदस्य नै मालिक हो ।
- सदस्य नै सेवाग्राही हो ।

- सदस्यले पूँजी लगानी गर्छ,
- सदस्यले सेवा लिन्छ,
- सदस्यले निर्णय गर्छ,
- बाह्य पूँजीमा निर्भर संस्था सहकारीको मर्म विपरीत हुन्छ,
- आन्तरिक पूँजी नै सहकारीको शक्ति हो

"Members are: owners, users and controllers"

बचत सम्बन्धमा सहकारीले कस्तो योजना बनाउने ?

- भन्नुहोस् त : एक सदस्यले “एकै पटक रु. १ लाख बचत जम्मा गर्नु ठिक कि हरेक महिना रु. १ हजार ?”
- तरलता व्यवस्थापनमा कुन सहज होला ?
- दिर्घकालमा संस्थालाई कुन फाइदा होला ?

नियमित बचतको सिद्धान्त

नियमितता = अनुशासन

अनुशासन = विश्वास

विश्वास = स्थायित्व

"हामी सदस्यको व्यवहार सुधार्न खोजिरहेका छौं कि बचत तथा ऋण कारोवार ?"

- ✓ नियमित बचतले सदस्यको व्यवहार सुधार्छ
- ✓ संस्थाको नगद प्रवाह स्थिर बनाउँछ
- ✓ यही सिद्धान्तमा विश्वका सहकारी चलेका हुन्छन्
- ✓ यसलाई बेवास्ता गर्दा संस्था कमजोर हुन्छ

Rochdale – बेलायत (१८४४)

- ✓ गरिब मजदुरहरूको सहकारी
- ✓ हप्तैपिच्छे सानो बचत
- ✓ त्यही पूँजीबाट पसल सञ्चालन
- ✓ नियमित बचत नै आधार
- ✓ यही मोडलले विश्वमा आधुनिक सहकारी जन्मियो

"सहकारी गरिबले बनाएको हो, बैंकसँग तुलना गर्ने होइन।"

ऋण दिन हतार हैन, "No Saving, No Loan" नीति

क्यानडा र जर्मनी-Credit Union

- अनिवार्य नियमित बचत
- ऋण लिने योग्यता नै बचत अनुशासनसँग जोडिएको
- नियामकको कडा निगरानी
- त्यसैले संकट कम र विश्वसनीय सहकारी प्रणाली

भारत - SHG

- नियमित बचत, त्यसपछि मात्र ऋण
- समूह अनुशासन बलियो
- बचत सामाजिक प्रतिबद्धता
- नियमित बचत विना ऋण स्वीकृत नहुने
- अनुशासन संस्कृति

"हामी सदस्यलाई अनुशासन सिकाउँदै छौं कि खुशी पार्दै ?"

नियमित बचत किन अनिवार्य गर्ने ?

- ✓ नियमित बचत सदस्यको आकस्मिक अवस्थाको लागि कवच हो ।
- ✓ नियमित बचत ऋणको स्रोत हो, ऋण दिने आधार हो ।
- ✓ सहकारी संस्था मजबुत बनाउने आधार नियमित बचत हो ।
- ✓ अनियमित बचतले संस्थामा जोखिम बढाउँछ ।
- ✓ नियमित बचत सञ्चालक समितिले नीति बनाएर अनिवार्य गर्नुपर्छ ।

Liquidity / Regular Saving

- नियमित बचतले तरलता सन्तुलित बनाउँछ ।
- नियमित बचतले नगद प्रवाह स्थिर बनाउँछ ।
- ऋण फिर्ता ढिला हुँदा पनि संस्था चल्छ ।
- नियमित बचत नभए सानो संकटले पनि संस्था हल्लिन्छ ।

बुझ्नु पर्ने कुरा : Liquidity crisis हुनु सञ्चालक समितिको पनि असफलता हो, Management मात्र दोषी हुँदैन ।

कानुनमा बचत सम्बन्धी व्यवस्था

सहकारी ऐन २०७४

- दफा २(ज) - बचतको परिभाषा
- दफा २३ सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नुपर्ने
- दफा ५० सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नुपर्ने

प्राधिकरणको निर्देशन (३)

- संस्थाले साधारण, नियमित र ३ वर्षसम्मको आवधिक बचत संकलन गर्न सक्नेछ । नियमित बचतको अंश कुल बचतको न्यूनतम २५ प्रतिशत कायम गर्नुपर्नेछ ।
- संस्थाले नियमित बचत गरिरहेका सदस्यलाई बचतको ५ गुणा वा बढीमा रु. ३ लाखमध्ये जुन कम हुन्छ सो बराबर बिनाधितो ऋण प्रवाह गर्न सक्नेछ ।

संस्थाले विनियम र कार्यविधि मार्फत शर्त सहित अनिवार्य बनाउन सक्ने ।

नियमित बचतले हुने फाइदा



सदस्यलाई

- वित्तिय व्यवस्थापनमा सहयोग
- आकस्मिक अवस्थाको लागि पूर्वतयारी
- ऋणमा पहुँच
- ब्याज आम्दानी (लगानी)
- सामाजिक सुरक्षा
- आत्मविश्वास वृद्धि
- भविष्य सुरक्षित

संस्थालाई

- स्थिर आन्तरिक पूँजी
- Liquidity व्यवस्थापन सहज
- बाह्य ऋण निर्भरता घट्छ
- NPL नियन्त्रण गर्न मद्दत गर्छ
- विश्वास बढाउँछ (सदस्य, नियामक)
- दीर्घकालीन स्थायित्व

सहारा महिला साकोसमा बचतको प्रभावकारिता



- ✓ नियमित बचत ५८.३७ प्रतिशत
- ✓ धन सृजना गर्ने बचत २५.१० प्रतिशत (घरजग्गा, सम्पत्ती खरिद, गहना आदि)
- ✓ आवधिक बचत ५.१५ प्रतिशत
- ✓ ऐच्छिक बचत ११.३८ प्रतिशत

सहारामा प्रभावकारी बचत सन्तुलनका लागि के गरिन्छ ?

- ✓ हरेक वर्ष सदस्य शिक्षा, वित्तिय साक्षरता कार्यक्रम सञ्चालन
- ✓ विस्तारित मञ्च कार्यक्रम सञ्चालन
- ✓ नियमित बचतको प्रयोग सम्बन्धी स्पष्ट नीतिगत व्यवस्था
- ✓ नियमित बचत गर्ने सदस्यहरुलाई थप सुविधा प्रदान गर्ने नीतिगत व्यवस्था
  - (सुत्केरी भेटघाट, पास्नी, ब्रतबन्ध, गुन्यूचोली, सुर्यदर्शन, विवाह, चौरासीपुजामा सम्झना, प्रोत्साहन)
  - प्राणघातक रोग लाग्दा उपचार सहयोग
  - मृत्युराहत सुविधा

सहाराको कार्यविधिमा के व्यवस्था गरिएको छ ?

- ✓ नियमित बचत किन गर्ने स्पष्ट व्यवस्था गरिएको छ (आपतकालिन अवस्थाका लागि, गम्भिर रोग लाग्दा उपचारको लागि, बुढेसकालको सहाराको लागि)
- ✓ सम्पत्ती खरिद वा लगानी गर्ने प्रयोजनको लागि नियमित बचत सुरु गरेको ५ वर्ष पछि ५० प्रतिशत बचत रकम फिर्ता गर्न सकिने व्यवस्था छ
- ✓ ३ महिनासम्म नियमित बचत नगरेका सदस्यहरुलाई संस्थाबाट प्रवाह हुने सुविधा उपलब्ध नगराउने व्यवस्था छ ।
- ✓ ऋण लिनको लागि पछिल्लो ३ महिना नियमित बचत हुनै पर्ने व्यवस्था गरिएको छ ।
- ✓ नियमित बचतमा २ प्रतिशत व्याज थप गरी ऋण लिन सकिने व्यवस्था छ ।

हामीलाई थाहा छ,

सहकारी अविच्छिन्न उत्तराधिकारीवाला

सिमित दायित्व र सामुहिक स्वामित्व भएको संस्था हो ।

एकपटक आफ्नो सहकारीलाई सम्झनुहोस् त, तपाईंको सहकारीमा कस्तो छ ?

- ✓ नियमित बचत कति प्रभावकारी छ ?
- ✓ बचत कार्यविधि स्पष्ट छ कि छैन ?
- ✓ Liquidity स्थिति कस्तो छ ?
- ✓ नियामक जोखिम कति छ ?
- ✓ अब के सुधार गर्नुपर्ला ?

अब छलफलको पालो

सिकाइ साझा गर्ने
यस अवसरको
भरपुर सदुपयोग
गरौं

धन्यवाद



Gokarna Duwadi

Member, Bagmati Province Cooperative Manager's Club

CEO, Sahara Mahila Saccos, Dhading

Master's degree in Management & Sociology -TU

Email: gduwadi@gmail.com, Cell: 9849710474